आज मिति २०८० साल असाढ ८ गते विहान ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७९/०८० को पन्ध्रौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिती :</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री दिनेश पौडेल | सचिव,प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनविर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | मन बहादुर घर्ती | कार्यालय सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## पन्ध्रौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) वजेट तथा कार्यक्रम र विविध प्रतिवेदनहरु आगामी गाउँसभामा पेशका लागि सिफारिस सम्बन्धमा ।
२) गाउँसभामा वजेट तथा कार्यक्रम र विविध प्रतिवेदनहरु प्रस्तुत सम्बन्धमा ।
३) गाउँपालिकाको अंग्रेजी नामको हिज्जे एकिन सम्बन्धमा ।
४) आ.व. २०८०।०८१ का लागि जग्गाको मालपोत शुल्क सिफारिस सम्बन्धमा ।
५) वार्षिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
६) ANC TO PNC VISIT CONTINUUM CARE को लागि संचार खर्च खोप वृद्धि अनुगमन सम्बन्धमा ।
७) लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन, २०७९ स्वीकृत सम्बन्धमा ।
८) लेखा समितिको वैठकको निर्णय सिफारिस गर्ने सम्बन्धमा ।
९) विविध छलफल सम्बन्धमा।

## २०८० असाढ ८ गते बसेको पन्ध्रौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | वजेट तथा कार्यक्रम र विविध प्रतिवेदनहरु आगामी गाउँसभामा पेशका लागि सिफारिस सम्बन्धमा । | वजेट तथा कार्यक्रम तथा प्रतिवेदनहरु आगामी गाउँसभामा पेश गर्न आवश्यक रहेको । | वजेट तथा कार्यक्रम, न्यायिक समितिको प्रतिवेदन, अनुगमन प्रतिवेदन, कार्यपालिका वैठकको प्रतिवेदन, शिक्षा समितिको प्रतिवेदन र राजश्व परामर्श समितिको प्रतिवेदन आगामी गाउँसभामा पेश गर्न सिफारिस गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | गाउँसभामा वजेट तथा कार्यक्रम र विविध प्रतिवेदनहरु प्रस्तुत सम्बन्धमा । | आगामी गाउँसभामा पेश हुने बजेट तथा कार्यक्रम र प्रतिवेदनहरु प्रस्तुत गर्नु पर्ने । | आगामी गाउँसभामा पेश हुने वजेट तथा कार्यक्रम प्रस्तुत गर्न गाउँपालिका उपाध्यक्ष मिना थापा, न्यायिक समितिको प्रतिवेदन तुल्लसी सुनार, अनुगमन प्रतिवेदन अनिता थापा, कार्यपालिका वैठकको प्रतिवेदन पवन कुमार कवर, शिक्षा समितिको प्रतिवेदन लोकेन्द्र बहादुर थापा र राजश्व परामर्श समितिको प्रतिवेदन दुर्गा बहादुर विष्टले प्रस्तुत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | गाउँपालिकाको अंग्रेजी नामको हिज्जे एकिन सम्बन्धमा । | गाउँपालिकाको अंग्रेजी नामको हिज्जे एकिन गर्नुपर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०।०३।०२ गतेमा प्राप्त पत्रानुसार स्थानीय तहको अंग्रेजी नामको हिज्जे पुन:ताकेता गरि पठाइएको पत्रानुसार यस गाउँपालिकाको अंग्रेजी नाम Sunilsmriti Rural Municipality प्रमाणित गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४ | आ.व. २०८०।०८१ का लागि जग्गाको मालपोत शुल्क सिफारिस सम्बन्धमा । | यस गाउँपालिकाको आ.व. २०८०।०८१ का लागि जग्गाको मालपोत शुल्कको न्यूनतम मूल्याङ्कन कायम गर्न आवश्यक रहेको । | मालपोत कार्यालय लिवाङ रोल्पाको प.सं. २०७९।०८०, च.नं. ७७७ र मिति २०८०।०२।२४ गतेको प्राप्त पत्रानुसार यस गाउँपालिका भित्रका जग्गाहरुको न्यूनतम मूल्याङ्कन १०% ले वृद्धि हुने गरी मालपोत कार्यालय लिबाङ, रोल्पामा राय पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | वार्षिक सार्वजनिक सुनुवाई सम्बन्धमा । | चालु आ.व. को वार्षिक सार्वजनिक सुनुवाई गर्न आवश्यक रहेको । | चालु आ.व.को तेश्रो चौमासिकमा गाउँपालिका तथा मातहतका कार्यालयहरुबाट गरिएका कामहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने भएको हुदाँ मिति २०८०/०४/२२ गते सोमबारका दिन सुलिचौरमा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | ANC TO PNC VISIT CONINNUM CARE को लागि संचार खर्च खोप वृद्धि अनुगमन सम्बन्धमा । | ANC TO PNC VISIT CONINNUM CARE को लागि संचार खर्च खोप वृद्धि अनुगमन वापतको रकम भुक्तानी गर्न आवश्यक रहेको । | चालु आ.व.को स्वीकृत ANC TO PNC VISIT CONTINUUM CARE को लागि संचार खर्च खोप वृद्धि अनुगमनका लागि प्रति स्वास्थ्य चौकी मासिक ४ सयका दरले सञ्चार खर्च उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन, २०७९ स्वीकृत सम्बन्धमा । | लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन, २०७९ लाई स्वीकृत गर्न आवश्यक रहेको । | विभिन्न समयहरुमा छलफल तयार भएको लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन, २०७९ लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ८ | लेखा समितिको वैठकको निर्णय सिफारिस गर्ने सम्बन्धमा । | मिति २०८०।०३।०४ गते बसेको लेखा समितिको वैठकको निर्णय स्वीकृतिका लागि आगामी गाउँसभामा पेश गर्न आवश्यक देखिएको । | आर्थिक वर्ष २०७७/०७८ र २०७८/०७९ को महालेखा परिक्षकको कार्यालयको वार्षिक प्रतिवेदन उपर लेखा समितिको वैठकको मिति २०८०/०३/०४ गतेको निर्णय अनुमोदनका लागि आगामी गाउँसभामा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ९ | विविध छलफल सम्बन्धमा। | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) प्रोत्साहन भत्ता सम्बन्धमा ।<br>**ख)** रोजगार रणनीति २०८०, स्वीकृत सम्बन्धमा । | **क)** बार्षिक बजेट, योजना तथा कार्यक्रम तर्जुमामा खटिने सम्वद्ध शाखाका कर्मचारीहरुलाई जनही १०/१० हजारका दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने ।<br>**ख)** गाउँपालिका आवश्यक रहेको रोजगार रणनीति २०८०, को अन्तिम मस्यौदालाई स्वीकृत गरी तत्काल कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष